# मालारानी राजपत्र

**मालारानी गाउँपालिका, अर्घाखाँचीद्वारा प्रकाशित**

**खण्डः २ मालारानी, २०७६/०४/१० गते, अतिरिङ्ताङ्ग संख्याः १**


## संशोधन

### भाग-२

### मालारानी गाउँपालिका

### गाउँ कार्यपालिकाको कार्यालय, खनदह, अर्घाखाँची

मालारानी गाउँकार्यपालिकाको मिति २०७६/०४/०८ गतेको बैठकको निर्णयले "आधारभूत तह (कक्षा १-५) को शिक्षक दरवन्दी मिलान तथा घटी वा बढी भएका शिक्षक दरवन्दीलाई मिलान एवं समायोजन कार्यविधि २०७५" पहिलो संशोधन, २०७६।

**२०७५ सालको कार्यविधि नं. १**

५.२. क. **विशेष व्यवस्थाः**

विद्यार्थी संख्याको आधारबाट विद्यालय समायोजन वा शिक्षक दरवन्दी मिलान गर्दा भौगोलिक अवस्था र भौगोलिक दूरीको कठिनाइको कारणबाट विद्यालयहरुको सेवा क्षेत्रभित्रका

बालबालिकाहरुलाई शिक्षणसिकाइमा असर देखिने भएमा वा त्यस्तो असर देखिएको भनी सम्बन्धित विद्यालय वा समुदायबाट गुनासो आएमा उक्त गुनासाहरु मध्येमा गाउँ कार्यपालिकाको बैठकले मनासिब ठहराएका गुनासासँग सम्बन्धित विद्यालयको समायोजन नगर्ने र दरबन्दी नकटाउने वा कक्षा नघटाउने र तोकिएबमोजिम दरवन्दी कटाउने सम्बन्धमा गाउँ कार्यपालिकाको बैठकले विषेश निर्णय लिन सक्नेछ। (थप गरिएको)

६.३. शिक्षक दरवन्दी कटौती गर्दा विद्यालयमा नियुक्तिको कनिष्टताको आधारमा राहत, अस्थायी र त्यसपछि स्थायी शिक्षकको दरवन्दी कटौती गरी दरवन्दी वा राहत अनुदान कोटा थप भएको विद्यालयमा वा रिक्त दरवन्दी वा राहत अनुदानमा पदस्थापन वा समायोजन गरिने छ । त्यसरी पदस्थापन वा समायोजन गर्दा स्वीकृत दरवन्दी र राहत अनुदान कोटाबीच तादात्म्यता नमिलेमा सम्बन्धित विद्यालयको सहमतिमा स्वीकृत दरवन्दी र राहत अनुदान कोटाको अन्तर्परिवर्तन गरी विद्यालयमा स्वीकृत दरवन्दी र राहत अनुदान कोटा कायम गरिने छ । (संशोधन गरिएको)

६.४. यस कार्यविधिको कार्यान्वयनको क्रममा कुनै विद्यालयको दरवन्दी कटौती हुँदा प्राथमिक तहमा कम्तीमा एकजना महिला शिक्षक यथावत् राखी त्यस्तो विद्यालयका अन्य शिक्षकलाई अन्यत्र दरवन्दी थप भएको विद्यालयमा वा पुल दरवन्दीमा पदस्थापन वा व्यवस्थापन गरिने छ तर महिला शिक्षकको इच्छा भएमा प्रचलित शिक्षा नियमावलीबमोजिम नै हुनेछ। यसरी महिला शिक्षक दरवन्दी यथावत राख्दा क्रमशः स्थायी, अस्थायी र राहत cluster बाट सबै भन्दा बरिष्टतम महिला शिक्षकलाई यथावत् राखिने छ । (शंसोधन गरिएको)

प्रमाणिकरण मितिः २०७६/०४/०८

आज्ञाले
खगेन्द्रराज मरासिनी
प्रमुख प्रशासकीय अधिकृत